**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**सानोठिमी, भक्तपुरको**

**श्री भरतपुर सेन्ट्रल हस्पिटल भरतपुर-१०, चितवनको नाममा सम्बन्धन/स्वीकृत प्रमाणपत्र डिप्लोमा तहका फार्मेसी, सिभिल इलेक्ट्रिकल र कृषि कार्यक्रमहरुलाई श्री अन्नपूर्ण कलेज अफ टेक्निकल साइन्स भरतपुर-१०, चितवनमा कार्यक्रम हस्तान्तरण/स्वामित्व परिवर्तन (कार्यक्रम मर्ज) को लागि माग गरेको सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**प्रकाशित मिति २०८२/०९/११**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट ३ वर्षे प्रमाणपत्र डिप्लोमा तहका सम्पूर्ण फार्मेसी, सिभिल, इलेक्ट्रिकल र कृषि कार्यक्रमको सम्बन्धन/स्वीकृति प्राप्त संस्था श्री भरतपुर सेन्ट्रल हस्पिटल भरतपुर–१०, चितवनले उल्लेखित कार्यक्रमहरुलाई श्री अन्नपूर्ण कलेज अफ टेक्निकल साइन्स भरतपुर-१०, चितवनको नाममा कार्यक्रम हस्तान्तरण/स्वामित्व परिवर्तन (कार्यक्रम मर्ज) गरी पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औं बैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/०९/०६ गतेको निर्णयानुसार कार्यक्रम हस्तान्तरण/स्वामित्व परिवर्तन (कार्यक्रम मर्ज) प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृत प्राप्त कार्यक्रमहरु प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण लिखित जानकारी गराउनुहुन अनुरोध छ ।उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि कार्यक्रम हस्तान्तरण/स्वामित्व परिवर्तन (कार्यक्रम मर्ज) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**फोन नं. ०१ - ६६३०४०८, सानोठिमी, भक्तपुर।**
**इमेलः ctevtaccreditation061@gmail.com**